# मंगला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बाबियाचौर, म्याग्दी

पत्र संख्या :- ०८०/८१
चलानी नं :- 1236

गण्डकी प्रदेश, नेपाल

श्री वडा कार्यालयहरु सबै
मंगला गाँउपालिका म्याग्दी ।

मितिः २०८०।१२।०७

विषयः विवरण उपलब्ध गराइदिनु हुन ।

प्रस्तुत विषयको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय म्याग्दीको च. न २१४२ मिति २०८०।१२।०६ को पत्र र गृह मन्त्रालयको च. न २४२ मिति २०८०।१२।०२ को प्राप्त पत्र यसै पत्र साथ संलग्न गरी पठाईएको छ । थप व्यहोरा पत्रबाट अवगत गरी तहाँ वडा अन्तर्गत नेपाल सरकारको नाममा रहेका सरकारी/सार्वजनिक प्रकृतिको जग्गाहरुको कानुन विपरित प्रयोग अतिक्रमण, गैर कानुनी कब्जा, गैर कानुनी नियन्त्रण र लिजमा लिएकोमा सो विपरित प्रयोग भएका जग्गाहरुको विवरण लगत तयार गरी गाँउकार्यपालिकाको कार्यालयमा विवरण उपलब्ध गराइदिनु हुन अनुरोध छ ।

२०८०।१२।०६

..............................
सुदर्शन पौडेल
(नि. प्रमुख प्रशासकीय अधिकृत)

नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः श्री सूचना प्रबिधि शाखा पत्र Website मा राखिदिनु हुन ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
म्याग्दी, बेनी

फो.नं. कोड ०६९
प्र.जि.अ. ५२०३४३
स.प्र.जि.अ. ५२०२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

प.स.:- ०८०/८१
च.नं. :- 2142

मिति:- २०८०/१२/०६
ने.सं. ११४४ चिल्लाथ्व, १० मंगलावार

बिषय :- विवरण उपलब्ध गराउने सम्बन्धमा।

श्री जिल्ला प्रहरी कार्यालय, म्याग्दी।
श्री डिभिजन वन कार्यालय, म्याग्दी।
श्री मालपोत कार्यालय, म्याग्दी।
श्री नापी कार्यालय, म्याग्दी।
श्री स्थानीय तह, सबै म्याग्दी।

दर्ता नं. १५६० दर्ता मिति २०८०/१२/६

प्रस्तुत विषयका सम्बन्धमा गृह मन्त्रालय, आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह व्यवस्थापन शाखाको च.नं. २४२, मिति २०८०/१२/०२ को प्राप्त पत्र यसै पत्रसाथ संलग्न राखी पठाईएको छ। व्यहोरा सोही पत्रबाटै अवगत गरी नेपाल सरकारको नाममा रहेका सरकारी/सार्वजनिक प्रकृतिको जग्गाहरूको कानुन विपरित प्रयोग, अतिक्रमित, गैर कानुनी कब्जा, गैर कानुनी नियन्त्रण र लिजमा लिएकोमा सो उद्देश्य विपरित प्रयोग भएका सरकारी तथा सार्वजनिक जग्गाको विवरण लगत तयार गरी प्रचलित कानुन बमोजिम छानविन, अनुसन्धान तथा अभियोजन गरी गराई त्यस्ता जग्गा साविककै अवस्थामा फिर्ता ल्याउने अभियान संचालन गर्ने गरी मिति २०८०/११/२३ गते (माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्रीस्तर) को निर्णय भएकोले त्यस्ता प्रकृतिका जग्गाहरूको विवरण लगत तयार गरी यस कार्यालयमा विवरण उपलब्ध गराई निर्णय कार्यान्वयनको व्यवस्था हुन आदेशानुसार अनुरोध छ।

२०८०/१२/०६
धिरेन्द्र राज पन्त
प्रमुख जिल्ला अधिकारी

(2)

नेपाल सरकार

# गृह मन्त्रालय

आन्तरिक प्रशासन, सवारी तथा समारोह व्यवस्थापन शाखा

ईमेल: moha.vehicle@gmail.com
vmcmgmt@moha.gov.np
फोन नं. ०१-४२११२३५
फ्याक्स नं. ०१-४२११२१५

पत्र संख्या:- आ.प्र.स.स.व्य. ०८०/०८१

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:- 282

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मिति: २०८०।१२।०२
ने.सं. ११४४ चिल्लाथ्व, ६ शुक्रवार

विषय:- निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै (७७)

उपर्युक्त सम्बन्धमा यस मन्त्रालयको च.नं. २० मिति २०८०।०४।१८ को पत्र र च.नं. २१७ मिति २०८०।११।०८ पत्रद्वारा आफ्नो जिल्ला अन्तर्गत नेपाल सरकारको नाममा रहेका जग्गाहरूको विवरण तथा सोको संरक्षणको अवस्था अद्यावधिक गर्न तथा यस्ता प्रकृतिका जग्गाहरू कहि कतैबाट अतिक्रमण भएको भए अतिक्रमित जग्गाहरूको क्षेत्रफल सहितको विवरण माग भएको साथै यस मन्त्रालयको मिति २०८०।११।०९ को विज्ञप्ति मार्फत सरकारी र सार्वजनिक प्रकृतिको जग्गाहरूको संरक्षण तथा अतिक्रमित विवरण अद्यावधिक गर्न र सर्वसाधारण नागरिकलाई त्यस किसिमको जग्गाको विवरण उपलब्ध गराउन सार्वजनिक आव्हान गरिएको व्यहोरा समेतबाट अवगत भएको नै छ ।

साथै, नेपाल सरकारको नाममा रहेका सरकारी/सार्वजनिक प्रकृतिको जग्गाहरूको कानुन विपरित प्रयोग, अतिक्रमित, गैर कानुनी कब्जा, गैर कानुनी नियन्त्रण र लिजमा लिएकोमा सो उद्देश्य विपरित प्रयोग भएका सरकारी तथा सार्वजनिक जग्गाको विवरण प्राप्त गरी सम्वद्ध निकायको समन्वयमा प्रचलित कानुन बमोजिम छानविन, अनुसन्धान तथा अभियोजन गरी गराई त्यस्ता जग्गा साविककै अवस्थामा फिर्ता ल्याउने अभियान संचालन गर्ने गरी मिति २०८०।११।२३ (माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्रीस्तर) को निर्णय भएको हुँदा उक्त कार्य प्राथमिकताका साथ सम्पादन गरी यस मन्त्रालयमा प्रतिवेदन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

जिल्ला प्रशासन कार्यालय
दर्ता नं 626
दर्ता मिति 2080।12।8

२०८०।१२।०२
.........................
(ऋषिकेश खतिवडा)
शाखा अधिकृत

बोधार्थ/कार्यार्थ:
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।
श्री नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं ।